मिति: २०८२/१०/१४ नेसं. ११४६ सिल्लाथ्व १० बुधबार बैठक संख्या - ८

आज मिति २०८२/१०/१४ गते बुधबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को आठौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. फिल्ड सहायक श्री शम्भुराज पालुङ्वा ..........

१८. कार्यालय सहयोगी श्री विवेका योङहाङ..........

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन..........

**प्रस्तावहरु :-**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१०/१४ | ने.सं. ११४६ सिल्लाथ्व १० बुधबार | बैठक संख्या - ८

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
३. संघीय समपुरक अनुदान प्रस्ताव माग सम्बन्धमा ।
४. संघीय विशेष अनुदान प्रस्ताव माग सम्बन्धमा ।
५. अस्थायी, करार तथा ज्यालादारीको कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा ।
६. सम्पति कर लागु गर्ने सम्बन्धी राजस्व परामर्श समितिको सिफारिस सम्बन्धमा ।
७. स्थानीय राजस्व परामर्श समितिको सिफारिस तथा निर्णय छलफल सम्बन्धमा ।
८. सुवर्ण रायमाझी कन्स्ट्रक्सन प्रा.लिलाई ढुङ्गा, गिटि, वालुवा प्रयोग तथा क्रसर सञ्चालन गरे वापतको राजस्व दाखिला गराउने सम्बन्धमा ।
९. राजिनामा स्वीकृति सम्बन्धमा ।
१०. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।
११. पाँचसैया अस्पतालको अन्तिम भुक्तानी सम्बन्धमा ।
१२. उखु मिल, मिनि मिल तथा हाते ट्र्याक्टरको संख्या निर्धारण सम्बन्धमा ।
१३. ब्याक हो लोडर मर्मत बापतको मर्मत खर्च भुक्तानि सम्बन्धमा ।
१४. असक्त तथा विपद तथा अन्य आर्थिक सहायता सम्बन्धमा ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१०/१४ ने.सं. ११४६ सिल्लाथ्व १० बुधबार बैठक संख्या - ८

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्‍याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | १७३ | २०८२-१०-०२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाब कार्यान्वयन सम्बन्धमा। | छात्राहरुले प्रयोग गर्ने स्यानिटरी प्याड गुणस्तरीय बनाउन मापदण्ड बनाई कार्यान्वयन गर्ने । |
| २. | १७४ | २०८२-१०-०२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाब कार्यान्वयन सम्बन्धमा। | सुझाब कार्यान्वयन गर्ने। |
| ३. | २३४ | २०८२-१०-०२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्णय कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा । | सहकारी शाखा मार्फत निर्णय कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने। |
| ४. | २३३ | २०८२-१०-०२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा। | यस विषयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२।०८।२९ गतेको निर्णय कार्यान्वयन गर्ने। |
| ५. | २३८ | २०८२-१०-०६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्वाचन आचार संहिता, २०८२ लागु गर्ने सम्बन्धमा। | निर्वाचन आचार संहिता, २०८२ गाउँपालिका, गाउँकार्यपालिका, जनप्रतिनिधि तथा कर्मचारीद्धारा पालना गर्ने। |
| ६. | १८१ | २०८२-१०-११ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | आवश्यक कारबाही सम्बन्धमा। | राष्ट्रिय सतर्कता केन्द्रको मिति २०८२।०९।२९ को निर्णय कार्यान्वयन गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | १८० | २०८२-१०-११ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा। | राष्ट्रिय सुचना आयोगको मिति २०८२।०९।०७ गतेको निर्णय कार्यान्वयन गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि सातौं बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम आगामी आ.व. २०८३/०८४ का लागि स्थानीय तहमा सङ्घीय समपूरक अनुदान अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरू सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | आयोजनाको नाम | मुलभूत क्षेत्र | कुल लागत | प्रतिवर्ष आवस्यक बजेट | आयोजना अवधि |
|---|---|---|---|---|---|
| १. | श्रीचम्पा चिस्यानकेन्द आयोजना हिलिहाङ-४ | आर्थिक क्षेत्र | ३५३६५४९१.९९ | १७६८२७४५.९९५ | २ वर्ष |
| २. | जोरपोखरी पर्यटकीय क्षेत्र | पर्यटकीय क्षेत्र | ४६४१८८६४.४७ | २३२०९४३२.२३ | २ वर्ष |
| ३. | हिलिहाङ दरबारक्षेत्र गुरुयोजना अनुसार गोल घर, एल सेप भवन, फलैचा तथा चौतारा निर्माण | पर्यटकीय क्षेत्र | १६११९६०८५.८७ | १६११९६०८५.८७ | १ वर्ष |

**निर्णय नं. - ४**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम आगामी आ. व. २०८२/०८३ का लागि यस स्थानीय तहमा संघीय विशेष अनुदान अन्तर्गत तपसिलको आयोजनाहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः-**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर, कोशी प्रदेश, नेपाल

टोपेन्द्र कुमार लिम्बु, प्रमुख प्रशासकीय अधिकृत

| क्र. सं. | आयोजना/कार्य क्रमको नाम | मुलभूत क्षेत्र | कुल लागत | चालु आ.वमा विनियोजित बजेट | प्रतिवर्ष आवश्यक बजेट | आयोजना अवधि |
|---|---|---|---|---|---|---|
| १. | आदिवासी जनजाति समुदायको परम्परागत संस्कृतिलाई जगेर्ना गर्न परम्परागत सामाग्रीको खरिद तथा प्रशिक्षण | सामाजिक क्षेत्र | १,००,००,०००।- | ० | १,००,००,०००।- | १ वर्ष |
| २. | हिलिहाङ दरबारमा दरबार संग्राहलय निर्माणको लागि दरबार सम्बन्धित पुरातात्विक वस्तुहरुको खरिद तथा व्यवस्थापन | पर्यटकीय क्षेत्र | १,००,००,०००।- | ० | १,००,००,०००।- | १ वर्ष |

**निर्णय नं. - ५**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोष सूचीकरण शाखा, थापाथली काठमाण्डौंको च. नं. २५० प.सं. ०४/४.१/०८२-०८३, मिति २०८२।०९।१७ गतेको पालिकामा कार्यरत अस्थायी, करार तथा ज्यालादारी लगायतका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउँदै नियमित योगदान रकम जम्मा गर्ने सम्बन्धी पत्रानुसार हिलिहाङ गाउँपालिकामा अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई कार्यविधि बनाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने ।

मिति: २०८२/१०/१४ ने.सं. ११४६ सिल्लाथ्व १० बुधबार बैठक संख्या - ८

**निर्णय नं. - ६**

स्थानीय राजश्व परामर्श समितिको मिति २०८२/०९/२४ गतेको बैठकले आ.ब. २०८३/०८४ देखि सम्पति कर लागु गर्नका लागि राजश्व सुधार योजना र सम्पति कर परामर्श सेवाबाट प्राप्त राय/सुझाव समेतलाई विश्लेषण गरी सम्पति कर लागु गर्न कार्यपालिकाको निर्णयका लागि सिफारिस गरे बमोजिम आगामी कार्यपालिका बैठकमा निर्णय गर्ने।

**निर्णय नं. - ७**

हिलिहाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र विभिन्न निर्माण कम्पनिहरुले ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन र प्रयोग गरे बापतको राजस्व दाखिला गराउनका लागि राजस्व परामर्श समितिले गरेका विभिन्न प्रयास, सिफारिस तथा सो सम्बन्धी निर्णयको बारेमा प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा जानकारी प्राप्त गरि ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन र प्रयोग बापतको राजस्व प्रभाबकारी तबरले संकलन गराउन कार्यपालिकाद्धारा सहयोग गर्ने।

**निर्णय नं. - ८**

सुवर्ण रायमाझी कन्स्ट्रक्शन प्रा.लि.ले आ.ब. २०८१/८२ मा ढुङ्गा, गिट्टी, बालुवा प्रयोग तथा क्रसर सञ्चालन गरे वापतको तिर्नुपर्ने राजश्व कर रु.५,५०,०००/- (पाँचलाख पचास हजार रुपैया) रहेकोमा मिति २०८२/१०/१३ गतेभित्र बुझाउन प्रतिनिधि हिमालयन कन्स्ट्रक्सनलाई पत्राचार तथा पटक पटक सम्पर्क समन्वय गरेता पनि राजश्व दाखिला नगरेको कारण राजश्व दाखिला गर्न पुन पत्राचार गर्ने र **तमोर करिडोर सुभाङखोला, दोभान ओलाङचुङगोला सडक योजना कार्यालय ताप्लेजुङ्गमा** उक्त कम्पनीको भुक्तानी रोक्का राख्न समेत पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. - ९**

यस हिलिहाङ गाउँपालिकामा कार्यरत इन्जिनीयर अधिकृतस्तर सातौं श्री हिमाल पुरीले प्रमुख प्रशासकीय अधिकृत समक्ष राजीनामा पेश गरेको प्रमुख प्रशासकीय अधिकृत मार्फत यस कार्यपालिका बैठकमा जानकारी प्राप्त भयो। राजीनामाको विषयमा थप निर्णय तथा थप प्रकृया बढाउनको लागि अर्को कार्यपालिका बैठकबाट प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - १०**

विगतमा सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्री स्तरको निर्णयबमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम खारेज गरी राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम नामाकरण गरी कार्यान्वयन गर्न राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ स्विकृत भइ कार्यान्वयनमा रहेकोले सोहि बमोजिम निर्देशिकाको दफा ११ बमोजिम तपशिल बमोजिमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय पारित गरियो।

तपशिल

(क) प्रमुख/अध्यक्ष- श्री समर बहादुर अधिकारी अध्यक्ष

मिति: २०८२/१०/१४ ने.सं. ११४६ सिल्लाथ्व १० बुधबार बैठक संख्या - ८

(ख) प्रमुख प्रशासकीय अधिकृत - श्री टोपेन्द्र कुमार लिम्बु सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति - श्री सुष्मा लावती सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा - श्री इश्वरी प्रसाद पाण्डे सदस्य

(ङ) प्रमुख, सामाजिक विकास शाखा - श्री दुर्गा प्रसाद तिमसिना सदस्य

(च) प्रतिनिधि, स्थानीय तहमा रहेको बैङ्क तथा वित्तिय संस्था- श्री अर्जुन कुमार पोखरेल सदस्य
(सम्बन्धित स्थानीय तहले तोकेको)

(छ) प्रतिनिधि, उद्योग बाणिज्य संघ (स्थानीय) - श्री भानुभक्त ढकाल सदस्य

(ज) रोजगार संयोजक - श्री मेदनी भण्डारी सदस्य सचिव

**निर्णय नं. - ११**

मिति २०८२।०८।२७ गते पेश गरेको पाँच शैयाँ अस्पतालको ठेक्का बिलको रकम रु १२,१३,०२,७८२।५२ (अक्षरुपि बाह्र करोड तेह्र लाख दुई हजार सात सय बयासी रुपैया बाउन्न पैसा) भिओ सहित पेश भएकोमा कार्यालयले भिओ स्वीकृत गरिएको निर्णय तथा नापि किताब, ठेक्का बिल, प्राविधिक कार्यसम्पन्न प्रतिवेदन, अनुगमन समितिको सिफारिस तथा वडा सिफारिस समेतका आधारमा अन्तिम भुक्तानी संघीय सशर्त पूँजीगत आधारभूत अस्पताल निर्माण दायित्व भुक्तानी शिर्षकबाट भुक्तानी दिने र भेरियसन अर्डर तथा संघिय सरकारको दायित्व भन्दा बढी भुक्तानी भएको रकम आगामी आ. व. मा बजेटको व्यवस्था गरि संघीय संचितकोषमा सोधभर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - १२**

हिलिहाङ गाउँपालिकाको गाउँसभाको अठारौं अधिवेशनबाट हिलिहाङ गाउँपालिकाका कृषकहरुलाई ५०% अनुदानमा मिनिमिल र हाते ट्रयाक्टर वितरण कार्यक्रमको लागि रु.१००००००।- बजेट विनियोजन भएकोमा हिलिहाङ गाउँपालिकाको ७ वटा वडामा मिनिमिल, हाते ट्रयाक्टर र उखु मिल देहाय बमोजिम वितरण गर्ने गरि आवश्यक ठेक्काको प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

देहाय :-

| क्र.स | वडा नं. | हाते ट्रयाक्टर | मिनिमिल | उखु मिल |
|---|---|---|---|---|
| १. | वडा नं. १ | ३ | २ | |
| २. | वडा नं. २ | ४ | १ | |
| ३. | वडा नं. ३ | २ | ३ | |
| ४. | वडा नं. ४ | ३ | २ | |
| ५. | वडा नं. ५ | ० | ५ | |
| ६. | वडा नं. ६ | ० | ५ | |
| ७. | वडा नं. ७ | ० | १ | १ |
| | **जम्मा** | **१२** | **१९** | **१** |

मिति: २०८२/१०/१४ | ने.सं. ११४६ सिल्लाथ्व १० बुधबार | बैठक संख्या - ८

**निर्णय नं. - १३**

यस हिलिहाङ गाउँपालिकाको ब्याक हो लोडर विभिन्न समयमा गरिएको मर्मत खर्च अनुमानित लागत अनुमान तथा मर्मत आदेश समेतका आधारमा रु. ४,६८,६०४।- भुक्तानी भईसकेको छ। ऐनको दफा ४१ उपदफा ३ को खण्ड (ग) बमोजिम पालिकामा मौजुदा ब्याक हो लोडर आपूर्ति गर्ने अधिकार एकमात्र कम्पनी MAW Earthmovers Pvt. Ltd. सँग मात्र भएको र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ को क२ बमोजिम मर्मत गर्दा भएको सोझै खरिदको रकम सिमा अपुग हुने अवस्था भएको र नेपालमा ब्याक हो लोडरको आधिकारीक विक्रेता एकमात्र रहेको हुदाँ मर्मतको लागत अनुमान र मर्मत आदेशका आधारमा आवश्यकता बमोजिम मर्मत सम्भारका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. - १४**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई कार्यविधि अनुसार सम्बन्धित व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम कार्यपालिकाको तोक आदेशमा निर्णय गरिनु पर्ने निबेदनहरु निर्वाचन आचारसंहिता, २०८२ समेत मध्यनजर गरि तत्काल निर्णय नगर्ने।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत